बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

मानभवन, ललितपुर, नेपाल

पत्र संख्याः ०८२/८३

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विकास निर्देशनालय कृषि विकास कार्यालय ललितपुर, नेपाल

ब्लक विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना
सूचना नं.- २/२०८२/८३

**पुन: सूचना प्रकाशन मिति २०८२/०८/२६ गते**

चालु आ.व. २०८२/८३ मा राष्ट्रिय कृषि आधुनिकिकरण परियोजना, ब्लक विकास कार्यक्रम अन्तर्गत तपसिल अनुसारका क्षेत्रमा तरकारी ब्लक कार्यक्रम संचालन गर्नुपर्ने भएकोले निर्धारित क्षेत्र भित्रका इच्छुक कृषि सहकारी/ कृषक समुह/जल/बन उप उपभोक्ता समिति तथा कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८२/०८/२५ गते) सम्म पर्याप्त आवेदन नपरेकोले पुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित मितिले १५ औं दिन (२०८२/०९/११ गते ) कार्यालय समय भित्र अनुसूची-१० अनुसार प्रस्ताव तयार गरी देहाय बमोजिमका कागजात सहित यस कार्यालयमा दर्ता गर्नुहुन पुन सूचना आव्हान गरिन्छ ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ। साथै तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालनको लागि कार्यालयको बेवसाइट www.lalitpur.akc.gov.np मार्फत सूचना तथा कार्यविधिहरु प्राप्त गर्न सकिनेछ । थप जानकारीको लागि कार्यालयको सम्पर्क नम्बर ०१-५४३४५७३, ०१-५४५६०३७ का साथै कार्यालयको फेसबुक पेज कृषि विकास कार्यालय, ललितपुर बाट पनि जानकारी लिन सकिनेछ ।

तपशिल

| क.स. | कार्यक्रमको नाम | वाली/वस्तु | कार्यक्रम संचालन हुने स्थान |
|---|---|---|---|
| १ | ब्लक विकास कार्यक्रम | तरकारी | गोदावरी नगरपालिका, ललितपुर । |

आवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु

१. कृषि सहकारी/ कृषक समुह/जल/बन उप उपभोक्ता समिति तथा कृषि फर्महरुको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
२. स्थायी लेखा नम्बर प्रमाणपत्र/ गत आ.व. को लेखापरिक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. कार्यक्रम संचालन हुने स्थान जग्गा जमिनको स्वामित्व भएको कागजात वा भाडामा लिएको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र ।
४. आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
५. कार्यसमिति बैठकको निर्णयको प्रतिलिपी ।
६. अन्य कुनै निकायबाट अनुदान लिए/नलिएको स्वघोषणा पत्र ।
७. सम्बन्धित स्थानियतह/कृषि शाखाको सिफारिस पत्र ।

०८२/०८/२५

प्रमुख
तेज प्रसाद दवाडी

**तेज प्रसाद दवाडी**
प्रमुख (अधिकृतस्तर दशौं)